

# महिलाको प्रजनन् स्वास्थ्य अधिकारसम्बन्धी जानकारी पत्र

प्रकाशन नं. १९६

CENTER FOR REPRODUCTIVE RIGHTS

महिला, कानुन र विकास मञ्च (FWLD)

अविभेद र समानताका लागि कार्यरत

# महिलाको प्रजनन् स्वास्थ्य अधिकार

प्रजनन् स्वास्थ्य अधिकार महिलाको मानव अधिकार हो र यसलाई नेपालको संविधानमा मौलिक हकको रूपमा प्रत्याभूत गरिएको छ । प्रजनन् स्वास्थ्य अधिकारलाई अन्तर्राष्ट्रिय कानुनको साथै नेपालको राष्ट्रिय कानुन, नीति र विधिशास्त्रले पनि मान्यता दिएको छ ।

प्रजनन् स्वास्थ्यको विस्तृत परिभाषा जनसंख्या तथा विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको कार्ययोजना (ICPD-PoA) मा गरिएको छ, जसलाई नेपाल समेत १८६ राष्ट्रहरूले सन् १९९४ मा पारित गरेको थियो । जसअनुसार प्रजनन् स्वास्थ्य भन्नाले ***प्रजनन् पद्धति, प्रक्रिया र कार्यसँग सम्बन्धित शारीरिक कमजोरी तथा रोगहरूको संक्रमण हुने स्थितिलाई मात्र नजनाएर; शारीरिक, मानसिक तथा सामाजिक रुपमा पूर्ण स्वास्थ्यको स्थितिलाई समेत जनाउँदछ। प्रजनन् स्वास्थ्य अधिकारको भित्र दम्पत्ति र व्यक्तिले आफ्नो सन्तानहरूको संख्या, जन्मान्तरको सम्बन्धमा स्वतन्त्र र जिम्मेवारीपूर्वक निर्णय गर्ने अधिकार राख्दछन्*** ।

प्रजनन् स्वास्थ्य अधिकारलाई सन् १९९५ को बेइजिङमा भएको चौथो विश्व महिला सम्मेलनको बेइजिङ घोषणापत्र र कार्ययोजनाले महिलाको मानव अधिकारभित्र अझ विस्तृत र व्यापक रूपमा परिभाषित गरिएको छ । यस अन्तर्गत उनीहरूले आफ्नो यौन र प्रजनन् स्वास्थ्य सेवा करकाप, विभेद र हिंसा विना स्वतन्त्र र जिम्मेवारीका साथ उपभोग गर्न सक्ने अधिकारहरु पर्दछन् ।

प्रजनन् स्वास्थ्य अधिकार, समानता, अविभेद, जीवन, स्वास्थ्य तथा आत्मसम्मानका अधिकारहरूको अन्तरसम्बन्धलाई संयुक्त राष्ट्रसंघीय अनुगमन निकायहरु र अन्य राष्ट्रिय अदालतहरूले विगतका दशकहरूमा निरन्तर रूपमा मान्यता दिई क्रमशः विकसित गर्दै लगेका छन् ।

## प्रजनन् स्वास्थ्यसम्बन्धी अधिकारका सिद्धान्तहरु

### प्रजनन् स्वास्थ्य सेवा

**प्रजनन् स्वास्थ्यको सेवाले सुरक्षित गर्भधारण र सुत्केरी पुर्व र पश्चात्को स्वास्थ्य सेवा, एचआईभी र एड्स लगायतका अन्य रोगहरूको रोकथाम तथा उपचार, गर्भपतनको अधिकार, बाँझोपनको उपचार, गर्भनिरोध साधनहरूको सहज उपलब्धतासहित प्रजनन स्वास्थ्य सम्बन्धी वास्तविक सूचना प्राप्त गर्ने लगायतका विषयहरूलाई जनाउँदछ ।**

### प्रजनन् स्वास्थ्यमा आत्मनिर्णयको अधिकार

**प्रजनन् स्वास्थ्यमा आत्मनिर्णयको अधिकारले आफ्नो शरीरको पूर्ण अधिकार, मानवीय मर्यादासहित गोपनियताको अधिकार, आफ्नो सन्तानको संख्या र जन्मान्तर निर्धारण गर्ने अधिकार, महिलाको यौन र प्रजनन् चक्रलाई प्रभाव पार्ने सबै किसिमका हिंसा र जबरजस्ती विरुद्धको अधिकार लगायतका विषयहरूलाई जनाउँदछ ।**

# प्रजनन् स्वास्थ्य अधिकारको औचित्यता

प्रजनन् स्वास्थ्य अधिकार महिलाको सम्पूर्ण जीवन तथा उनीहरूको विविध अधिकारसँग प्रत्यक्ष र परोक्ष रूपमा सम्बन्धित छ । तसर्थ देहायका अधिकारहरूलाई सुनिश्चित गर्न महिलाको प्रजनन् स्वास्थ्य अधिकारको संरक्षण आवश्यक छ ।

- प्रजनन् स्वास्थ्यसम्बन्धी महिलाको आत्मनिर्णयको अधिकारलाई स्थापित गर्न,
- सन्तानको संख्या र जन्मान्तर निर्धारण गर्ने तथा सन्तानलाई जन्म दिने वा नदिने विषयको निर्णयमा महिलाको अधिकारलाई स्थापित गर्न,
- जोर जबरजस्ती, हिंसा र भेदभाव बिना स्वतन्त्र र जवाफदेहीपूर्ण यौन सम्बन्धलाई सुनिश्चित गर्न,
- प्रजनन् चक्रसँग सम्बन्धित सुरक्षित यौन सम्बन्ध लगायत गर्भनिरोध साधनहरूको सहज उपलब्धता, प्रसूति पूर्व र पश्चात्को स्याहार एवम् सुलभ र गुणस्तरीय स्वास्थ्य उपचारको सुनिश्चितता, बाँझोपनका उपचार लगायतका अधिकारहरु सुनिश्चित गर्न,
- महिलाविरूद्धका सबै किसिमका यौन दुर्व्यवहार र यौन हिंसालाई अन्त्य गर्न ।

## प्रजनन् स्वास्थ्य अधिकारसंग सम्बन्धित १२ सूचकहरु

- **आत्मसम्मान सहित बाँच्न पाउने अधिकार**
- **व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकार**
- **प्रजनन स्वास्थ्य समेत स्वास्थ्यको अधिकार**
- **सन्तानको संख्या र उनीहरूको जन्मान्तरको निर्णय गर्न पाउने अधिकार**
- **विवाहको लागि मञ्जुरी तथा विवाहमा समान अधिकार**
- **गोपनियताको अधिकार**
- **समानता तथा अविभेदको अधिकार**
- **महिला तथा बालिकाहरूलाई हानि पुऱ्याउने प्रचलनहरूबाट मुक्ती पाउने अधिकार**
- **यातना वा अन्य क्रुर, अमानविय वा अपमानजनक व्यवहार वा सजाँय विरुद्धको अधिकार**
- **यौन र प्रजनन स्वास्थ्य शिक्षा र परिवार नियोजन सम्बन्धी सुचनाको पहुँचको अधिकार**
- **यौनजन्य हिंसा तथा लैङ्गिक हिंसाविरुद्धको अधिकार**
- **वैज्ञानिक प्रगतिको उपभोगको अधिकार**

# प्रजनन् अधिकारसम्बन्धी विभिन्न देशमा भएको सवैधानिक व्यवस्थाहरू

### कोलम्बिया

- महिला र पुरूषलाई स्वतन्त्रतापूर्वक सन्तानको संख्या निर्धारण गर्ने अधिकार हुनेछ । *(धारा ४२)*
- गर्भवती भएकै कारणले महिलालाई भेदभाव गर्न नपाइने र बच्चाको जन्मपश्चात यदि महिला बेरोजगार छिन भने उनिलाई राज्यद्वारा विशेष संरक्षण र सहयोग एंव खाद्य सामाग्री सहुलियत दरमा उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ । *(धारा ४३)*

### इक्वेडर

- राज्यले विशेषगरी कामको अवस्थामा सुधार ल्याउनको लागि कार्यस्थल र प्रजनन् अधिकारको सम्बन्धमा अनुगमन गर्नेछ साथै अनौपचारिक क्षेत्रमा कार्यरत गर्भवती महिलालाई सामाजिक सुरक्षाको प्रत्याभुति दिनेछ । *(धारा ३६)*
- सन्तानको संख्या निर्धारणको अधिकार तथा बच्चा जन्माउने वा अपनाउने लगायतका विषयको निर्णय गर्ने अधिकार । *(धारा ३९)*
- राज्यले महिला र बालबालिकाको पौष्टिक आहारसम्बन्धी शिक्षा, यौन तथा प्रजनन् स्वास्थ्यमा जोड दिंदै जीवन र स्वास्थ्यको संस्कृतिलाई प्रोत्साहन गर्नेछ । *(धारा ४३)*

### सर्विया

प्रत्येक व्यक्तिमा सन्तान जन्माउने वा नजन्माउने भन्ने कुराको निर्णय गर्ने अधिकार हुने र राज्यले प्रत्येक अभिभावकलाई बच्चा जन्माउने र सहयोग गर्ने विषयलाई प्रोत्साहन गर्नेछ । *(धारा ६३)*

### दक्षिण अफ्रिका

- यस संविधानमा लिङ्ग, गर्भावस्था, उमेर, वैवाहिक स्थिति लगायतको आधारमा राज्यले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा पक्षपातपूर्ण भेदभाव गर्ने छैन भन्ने व्यवस्था गरिएको छ । *(धारा ९)*
- प्रत्येक व्यक्तिमा शारीरिक तथा मानसिक पूर्णताको अधिकार हुन्छ । यस भित्र प्रजनन् सम्बन्धी निर्णय गर्ने अधिकार, प्रत्येक व्यक्तिले आफ्नो शरीर माथिको नियन्त्रण र सुरक्षा गर्ने अधिकार, निजका सहमति बिना वैज्ञानिक तथा चिकित्सकीय परिक्षण विरूद्धको अधिकार हुने कुराको उल्लेख गरिएको छ । *(धारा १२(२)* ।
- प्रत्येक व्यक्तिमा प्रजनन् स्वास्थ्यको हेरचाह लगायत स्वास्थ्य हेरचाह सेवामा पहुँचको अधिकार सुनिश्चित गरिएको छ । *(धारा २७)*

# विधिशास्त्रको विकासको क्रममा महिला प्रजनन् अधिकार

महिलाको प्रजनन् अधिकारलाई सुनिश्चित गर्ने सम्बन्धमा विभिन्न देशका अदालतहरु, अन्तर्राष्ट्रिय महासन्धि समिति तथा मानव अधिकार आयोगहरूले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । अन्तर्राष्ट्रिय क्षेत्रमा भएका केही महत्वपूर्ण फैसलाको सार यहाँ उल्लेखित गरिएको छ ।

## ❍ मानवीय विकासको लागि यौन तथा प्रजनन् अधिकार

मानव जातिको मर्यादाको प्रबर्द्धन गर्न र सामाजिक न्याय प्राप्तिको लागि मानवीय विकासमा एक कदम अगाडि बढ्नको लागि यौन तथा प्रजनन अधिकारको संरक्षण उपयुक्त माध्यम हो ।

*(C-305, संवैधानिक अदालत, कोलम्बिया, २००६)*

## ❍ गर्भपतनको अधिकार: महिलाको अधिकार

महिलाले गर्भपतन गर्दा पुरूषको समानताको अधिकार उल्लंघन हुँदैन किनकि गर्भवती महिलाले गर्भलाई निरन्तरता दिने वा अन्त्य गर्ने कुराको निर्णय गर्ने अधिकार महिलामा नै अन्तर्निहित रहेको हुन्छ ।

*(बोसो विरूद्ध इटाली, युरोपियन मानव अधिकार आयोग, २००२)*

## ❍ कानुनको प्रभावकारी कार्यान्वयनको लागि अनुगमन गर्नुपर्ने

गर्भपतनले कानूनी मान्यता प्राप्त गर्नुले मात्र कानूनको उद्देश्य पूरा हुँदैन, कानूनको वास्तविक रूपमा कार्यान्वयन हुनको लागि गर्भपतनको सेवा सर्वसुलभ र पहुँचयोग्य हुनु पर्दछ । गर्भपतनको सेवा उचित समयमा अथवा कुनै किसिमको विलम्ब विना नै उपभोग गर्न पाउनु पर्दछ ।

*(आर विरूद्ध मोरगेन्टलर, सर्वोच्च अदालत क्यानडा, १९८८)*

## ❍ राज्यद्वारा संचालित प्रजनन् सेवा स्तरीय हुनुपर्ने

राज्यद्वारा संचालित बन्ध्याकरण शिविरमा अनिवार्य अवलम्बन गर्नुपर्ने प्रक्रिया नपुऱ्याएको र स्तरहीन सेवा दिएकोले कुनै किसिमको जबरजस्ती, हिंसा र भेदभाव बिना नै बन्ध्याकरणको सेवामा महिलाको सहज पहुँचको अधिकारको उल्लंघन भएको ठहर गरी बन्ध्याकरण सेवा प्रक्रियाको सम्बन्धमा तुरून्तै अनुगमन गर्न र स्तरहीन सेवाबाट पीडित महिलालाई क्षतिपूर्ति दिनु भन्ने सरकारको नाममा भारतीय सर्वोच्च अदालतले आदेश जारी गरेको थियो ।

*(रमाकान्त राई र हेल्थवाच विहार विरूद्ध युनियन अफ इण्डिया समेत, सर्वोच्च अदालत इण्डिया, २००३)*

## ❍ प्रजनन् स्वास्थ्यसँग सम्बन्धित विषयमा सेवा प्रदान गर्दा महिलाको पूर्व सहमति लिनुपर्ने

सिजेरियन शल्यक्रियाको लागि मागिएको सहमतिले स्थायी बन्ध्याकरण विषयलाई समेट्न सक्दैन । प्रजनन् स्वास्थ्यसँग जोडिएको विषयमा सम्बन्धित महिलाको स्वतन्त्र सहमति आवश्यक हुने भनी महिला महासन्धि समितिले निर्णय गरेको छ ।

*(एयस विरूद्ध हंगेरी, महिला महासन्धि समिति, २००६)*

# नेपालको संवैधानिक इतिहासमा प्रजनन् अधिकार

- **नेपालको वैधानिक कानुन २००४**

  वैधानिक कानुन २००४ राणा शासनको अन्त्यतिर जारी गरिएको थियो । यस वैधानिक कानुनमा समानता एवं व्यक्तिगत स्वतन्त्रताको हकको व्यवस्था गरिएको थियो ।

- **नेपालको अन्तरिम शासन विधान, २००७**

  नेपालको अन्तरिम शासन विधान, २००७ मा समानताको अधिकार सुनिश्चित गर्दै रोजगारीको अवसरमा समानता, सामाजिक न्याय सम्बन्धी योजना तथा कुनै पनि किसिमको नियुक्तिमा विभेद नगरिने जस्ता संवैधानिक व्यवस्था गरिएको थियो । धारा ७ मा प्रसूति सहायताको निमित्त सहयोग सम्बन्धी व्यवस्था र धारा १४(२) मा महिला तथा बालबालिकाको लागि राज्यले विशेष व्यवस्था अवलम्बन गर्न सक्ने व्यवस्था गरिएको थियो ।

- **नेपाल अधिराज्यको संविधान, २०१५**

  यस संविधानमा समानता, स्वतन्त्रता जस्ता नागरिक तथा राजनीतिक हकहरु प्रत्याभुत गरिएता पनि नेपालको अन्तरिम शासन विधान २००७ मा रहेको महिलाको प्रजनन् अधिकारका सम्बन्धमा गरिएको व्यवस्था उल्लेख भएको थिएन ।

- **नेपालको संविधान, २०१९**

  यस संविधानमा विभिन्न मौलिक हकको व्यवस्था गरिएता पनि न्यायिक पुनरावलोकनको व्यवस्था नभएकोले मौलिक हकहरूको संवैधानिक प्रत्याभुती भएको थिएन । तथापि यस संविधानमा समानताको हक, कानुनको समान संरक्षण जस्ता आधारभुत समानताको अधिकारको व्यवस्था गरिएको थियो । सोही संविधानको धारा १७(२)(च) मा महिला र बालबालिकाको संरक्षणको लागि विषेश व्यवस्था गर्न सक्ने व्यवस्था गरिएको थियो ।

- **नेपाल अधिराज्यको संविधान, २०४७**

  यस संविधानमा समानता, स्वतन्त्रता, गोपनियता जस्ता मौलिक हकहरूको व्यवस्था गरिएको थियो । सोही सविधानको धारा ११(३) मा महिला तथा बालबालिकाको लागि विशेष व्यवस्था गर्न सक्ने व्यवस्था गरिएको थियो । संविधानको राज्यका सिद्धान्त तथा नीतिहरु अन्तर्गत धारा २६(७) मा महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा सहभागी गराउने नीति अवलम्बन गर्न सक्ने व्यवस्था गरिएको थियो ।

- **नेपालको अन्तरिम संविधान, २०६३**

  नेपालको संवैधानिक इतिहासमा पहिलो पटक प्रजनन् स्वास्थ्यको अधिकारलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा २०(२) ले मौलिक हकभित्र समावेश गरी संवैधानिक प्रत्याभुती गरिएको थियो । उपरोक्त धारा २०(२) मा प्रत्येक महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजनन्सम्बन्धी हक हुने व्यवस्था गरिएको थियो ।

# प्रजनन् स्वास्थ्य अधिकारको सम्बन्धमा सर्वोच्च अदालतले गरेका महत्वपूर्ण निर्णयहरू

नेपालको सर्वोच्च अदालतले महिलाको प्रजनन् अधिकार सुनिश्चित गर्ने सम्बन्धमा विभिन्न सार्वजनिक सरोकारका मुद्दाहरूमा महत्वपूर्ण निर्णयहरु गरेको छ, जुन निम्न बमोजिम रहेको छः

## ❍ सुरक्षित र सर्वसुलभ गर्भपतनको लागि विशेष कानुन

लक्ष्मी समेत विरूद्ध नेपाल सरकार भएको मुद्दामा सर्वोच्च अदालतद्वारा शुल्कको विविधता हटाई शुल्कमा एकरूपता कायम गर्नु, गर्भपतनको सेवा लिएको व्यक्तिको परिचयात्मक अभिलेखको गोपनीयता कायम राख्नु, गर्भपतन सम्बन्धी नकारात्मक धारणा हटाई यस सेवाको सही र जिम्मेवार उपभोग गर्न सुचित गर्नु, सही सूचना निश्चित कार्यक्रम सहित व्यापक रूपमा जनचेतना जगाउनु भन्ने विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय लगायतका निकायहरूलाई परमादेशको आदेश जारी गरिएको छ ।
साथै यस मुद्दामा प्रजनन स्वास्थ्य सम्बन्धी अन्तर्राष्ट्रिय मानव अधिकार कानूनका व्यवस्थाहरु समेत समावेश गरी गर्भपतन सम्बन्धी छुट्टै र पर्याप्त कानून बनाउन जो चाहिने पहल गर्नु भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र कानून तथा न्याय मन्त्रालय समेतको नाउँमा निर्देशनात्मक आदेश जारी गरिएको छ ।

*(लक्ष्मी समेत विरूद्ध नेपाल सरकार, वि.सं. २०६६)*

## ❍ पाठेघर खस्ने समस्या निराकरणको लागि स्वास्थ्य सेवा तथा सुविधा उपलब्ध गराउने

अधिवक्ता प्रकाशमणि शर्मा समेत विरूद्ध नेपाल सरकार भएको मुद्दामा सर्वोच्च अदालतद्वारा प्रजनन् स्वास्थ्य सम्बन्धमा विशेष कार्ययोजना बनाई पीडित महिलाहरूलाई नि:शुल्क परामर्श, उपचार, स्वास्थ्य सेवा तथा सुविधा उपलब्ध हुनसक्ने गरी यथाशीघ्र विभिन्न स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी स्तरमा सेवा पुर्‍याउन जो चाहिने व्यवस्था गर्नु र महिलाको प्रजनन् स्वास्थ्यको हक एवं पाठेघरसम्बन्धी समस्याको निराकरणको सम्बन्धमा जनचेतना जगाउने प्रभावकारी कार्यक्रमहरु संचालन गर्नु गराउनु भनी नेपाल सरकारको नाममा परमादेशको आदेश समेत जारी गरिएको छ ।
साथै यस मुद्दामा महिलाको हक एवं प्रजनन् स्वास्थ्यसँग सम्बन्धित विशेषज्ञ एवं समाजका प्रतिनिधिहरूसँग आवश्यक परामर्श गरी कानून निर्माणको लागि प्राथमिकता साथ विधेयक तर्जुमा गरी शीघ्र व्यवस्थापिका संसद समक्ष पेश गर्नु भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतको नाउँमा निर्देशनात्मक आदेश जारी गरिएको छ ।

*(अधिवक्ता प्रकाशमणि शर्मा समेत विरूद्ध नेपाल सरकार, वि.सं. २०६५)*

## ❍ बालविवाहसम्बन्धी कानुनको कार्यान्वयन गर्नु

अधिवक्ता रमा पन्त खरेल विरूद्ध नेपाल सरकार तथा सपना प्रधान मल्ल विरूद्ध नेपाल सरकार भएको मुद्दामा सर्वोच्च अदालतले नेपालमा बालविवाह भैरहेको देखिन आएको र बालबालिकाको सर्वोतोमुखी हित हेर्ने कर्तव्य तोकेका पक्ष नै बालविवाह गर्न संलग्न भै सो कार्य गर्ने गराउने भएकोले बालविवाहका सम्बन्धमा

सो कार्य रोक्न सरकारले त्यसतर्फ ध्यान दिनु अति जरूरी भएकोले तत्सम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन गर्न गराउनु भनी नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी गरिएको छ ।

*(अधिवक्ता रमा पन्त खरेल वि. नेपाल सरकार तथा सपना प्रधान मल्ल वि. नेपाल सरकार, वि.सं. २०६३)*

### ❍ महिलाको मासिक श्राव हुँदा छाउपडि गोठमा राख्ने भेदभावपूर्ण प्रथा रोक्न

दिल बहादुर विश्वकर्मा समेत विरूद्ध नेपाल सरकार भएको मुद्दामा सर्वोच्च अदालतद्वारा महिलामा मासिक श्राव हुँदा सुदूरपश्चिमका जिल्लाहरूमा छाउपडि गोठमा राख्ने गरिएको, भेदभावपूर्ण प्रथा रोक्नका लागि विपक्षीबाट प्रभावकारी उपाय नअपनाइएको हुँदा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले आदेश प्राप्त भएको मितिले एक महिनाभित्र मासिक श्राव भएको महिलालाई छाउपडि गोठमा पठाउने प्रथालाई कुरिती भएको घोषणा गर्नु भनी आदेश जारी गरेको छ ।

साथै यस मुद्दामा स्वास्थ्य मन्त्रालयले चिकित्सकहरु समेत भएको एक अध्ययन समिति बनाई छाउपडि प्रथा कायम रहेका जिल्लाहरु तथा स्थानहरूमा महिला तथा बालबालिका माथि सो प्रथाबाट पर्न जाने र परिरहेका असरको समीक्षा गरी त्यसबारे गर्नु पर्ने स्वास्थ्य सम्बन्धी कार्यहरूको पहिचान गरी यथासक्य चाँडो प्रतिवेदन स्वास्थ्य मन्त्रालय र सर्वोच्च अदालतमा पेश गर्नु भनि आदेश जारी गरेको छ ।

यसका साथै छाउपडि प्रथाको विरूद्ध सार्वजनिक चेतना जगाउन स्थानीय निकायहरूलाई परिचालित गर्न स्थानीय विकास मन्त्रालयले निर्देशन दिन र छाउपडि प्रथा अन्तर्गत महिलामाथि हुने कुनै पनि प्रकारको विभेद रोक्न महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको नाउँमा आदेश प्राप्त भएको मितिले तीन महिनाभित्र निर्देशिका बनाई उक्त निर्देशिका लागु गर्नु गराउनु भन्ने आदेश जारी गरिएको छ ।

*(डिल बहादुर विश्वकर्मा समेत विरूद्ध नेपाल सरकार, वि.सं. २०६२)*

### ❍ अपाङ्गता भएका महिलाहरूको प्रजनन् अधिकार संरक्षण सम्बन्धी

विमला खड्का समेत विरूद्ध नेपाल सरकार भएको मुद्दामा सर्वोच्च अदालतद्वारा अपाङ्गताबाट पीडित महिला, पुरूष र तेस्रो लिङ्गीहरु संविधानले दिएको मौलिक हक र महासन्धिले दिएको मानव अधिकार उपभोग गर्नबाट वन्चित हुन नहुने र संविधानको व्यवस्था र महासन्धिको व्यवस्था क्रमशः लागू गर्दै जानुपर्ने सरकारको संवैधानिक कर्तव्य भएको हुँदा आउँदो आर्थिक वर्षदेखि अपाङ्ग महिलाहरूको स्वास्थ्यलाई विशेष ध्यान दिई अपाङ्ग व्यक्तिहरूका लागि अस्पताल, सार्वजनिक यातायात लगायत सम्पूर्ण सार्वजनिक स्थलहरूमा अपाङ्गहरूको सरल र सहज पहुँच हुन सक्ने गरी नीति कार्यक्रम बनाई रकम छुट्याई संविधान र महासन्धि क्रमशः लागू गर्न निर्देशनात्मक आदेश जारी गरिएको छ ।

*(विमला खड्का समेत विरूद्ध नेपाल सरकार, वि.सं. २०६७)*

### ❍ प्रसुती बिदामा एकरुपता कायम गर्नुपर्ने

अधिवक्ता प्रकाशमणि शर्मा विरूद्ध मन्त्रिपरिषद् सचिवालय समेत भएको मुद्दामा सर्वोच्च अदालतद्वारा "शिशु स्वास्थ्य, मातृत्व संरक्षणसम्बन्धी कानूनी व्यवस्थाको परिप्रेक्ष्य र मातृत्व संरक्षण सम्बन्धमा प्रसूति बिदालगायतका अन्तर्राष्ट्रिय अभिसन्धिहरूसमेतलाई विचार गरी उपयुक्त मापदण्ड बनाई सोका आधारमा महिला कामदार कर्मचारीहरूका हकमा तोकिएको भन्दा कम गर्न नपाइने गरी न्यूनतम प्रसूति विदाको अवधि निर्धारण गरी मातृत्व संरक्षण सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनु" भनी नेपाल सरकारको नाउँमा आदेश जारी गरिएको छ ।

*(अधिवक्ता प्रकाशमणि शर्मा विरूद्ध मन्त्रिपरिषद् सचिवालय समेत, वि.सं. २०६०)*

## वैवाहिक बलात्कारसम्बन्धी स्पष्ट र न्यायोचित कानुनको व्यवस्था गर्नुपर्ने

अधिवक्ता मीरा ढुंगाना विरूद्ध नेपाल सरकार भएको मुद्दामा सर्वोच्च अदालतद्वारा "पतिले आफ्नै पत्नीलाई जबरजस्ती करणी गरेको सम्बन्धमा जबरजस्ती करणी गर्ने पतिबाट अलग बस्न पाउने वा सम्बन्ध बिच्छेद गर्न पाउने गरी तत्काल राहत दिलाउने विषयमा, निषेधित बालविवाहको अवस्थामा भएको जबरजस्ती करणीको अपराधको मात्रा कायम गर्ने सम्बन्धमा समेत वैवाहिक सम्बन्धको विशेष स्थिति र पतिको हैसियत समेतलाई विचार गरी समष्टिगत रूपले न्यायोचित र स्पष्ट कानुनी व्यवस्था गर्नु" भनी नेपाल सरकारलाई निर्देशनात्मक आदेश जारी गरेको छ ।

*(अधिवक्ता मीरा ढुंगाना विरूद्ध नेपाल सरकार, वि.सं. २०५९)*

## बाँझोपन सम्बन्ध बिच्छेदको आधार हुन नसक्ने

अधिवक्ता मीरा ढुंगाना विरूद्ध नेपाल सरकार भएको मुद्दामा सर्वोच्च अदालतद्वारा लोग्ने वा स्वास्नी मानिस दुवैमा हुन सक्ने सन्तान उत्पादन गर्ने क्षमता केवल स्वास्नी मानिससँग मात्र हुन्छ, लोग्ने मानिसमा हुँदैन भन्ने आशय दिने प्रकृतिको कानुन निर्माण गरी लागू गर्नु निश्चय नै संवैधानिक प्रावधान र समानताको सिद्धान्त अनुकूल नहुने भन्दै तत्कालिन कानुनमा रहेको सम्बन्ध बिच्छेदको "विवाह भएको १० वर्षभित्र स्वास्नीको कारणबाट सन्तान नभएको भन्ने श्री ५ को सरकारबाट मान्यता प्राप्त मेडिकल बोर्डबाट प्रमाणित भएमा" भन्ने आधारलाई सर्वोच्च अदालतले खारेज गरेको छ ।

*(अधिवक्ता मीरा ढुंगाना विरूद्ध नेपाल सरकार, वि.सं. २०६२)*

## प्रसूति विदाको सुविधामा पटक कायम नहुने

अच्युत प्रसाद खरेल विरूद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत भएको मुद्दामा सर्वोच्च अदालतद्वारा विद्यमान नेपाल कानूनमा दुई पटक प्रसूति हुँदासम्म वा दुईवटा बच्चा नभएसम्म प्रसूति विदा पाइने भनी सुत्केरी हुँदाको पटक र बच्चाको संख्याको आधारमा प्रजनन् स्वास्थ्य सम्बन्धी हक माथि नियन्त्रण गरेको हदसम्म संसदका महासचिव, प्रतिनिधि सभाका सचिव तथा राष्ट्रिय सभाका सचिवको पारिश्रमिक सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५५ को दफा १७ को उपदफा (६), पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०४८ को दफा २१ को उपदफा (२), नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ को नियम ५१ को उपनियम (३), नेपाल कानून व्यवसायी परिषद् का कर्मचारीको नियुक्ति र सेवा सम्बन्धी नियमावली, २०५५ को नियम ११(१)(घ) को प्रतिवन्धात्मक बाक्यांश, महालेखा परीक्षकको विभागका कर्मचारीहरू सम्बन्धी नियमावली, २०५० को नियम ६५ को उपनियम (३), शिक्षा नियमावली, २०४९ को नियम १०६ को उपनियम (६), निजामती सेवा नियमावली, २०५० को नियम ५९ को उपनियम (३), श्रम नियमावली, २०५० को नियम ३४, प्रहरी नियमावली, २०४९ को नियम ५७ को उपनियम (३), सशस्त्र प्रहरी नियमावली, २०६० को नियम १०५ को उपनियम (२), संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०५९ को नियम ४५ को उपनियम (१), स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २४४ को उपनियम (३), श्रमजिवी पत्रकार सम्बन्धी नियमावली, २०५३ को नियम १६ को उपनियम (२) समेतका विद्यमान नेपाल कानूनमा भएका व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा २०(२) को प्रतिकूल देखिन आएकोले फैसला भएको मितिदेखि लागू हुने गरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) बमोजिम अमान्य र बदर घोषित गरेको छ ।

*(अच्युत प्रसाद खरेल विरूद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत, वि.सं. २०६६)*

# प्रजनन् स्वास्थ्य अधिकारको सम्बन्धमा सन्धि अनुगमन समितिहरूले नेपाललाई दिएका सुझावहरू

## महिला विरुद्ध भेदभाव उन्मूलन समितिले दिएका निष्कर्ष सुझाव

- महिला चिकित्सक र अन्य स्वास्थ्य सम्बन्धी हेरचाह गर्ने व्यक्तिहरु लगायत उपचारमा संलग्न कर्मचारीहरूमा महिलाको संख्या वृद्धि गर्ने ।
- मातृ मृत्युदरलाई अझ घटाउनका लागि प्रभावकारी नीति र कार्यक्रम तय गरी लागू गर्ने ।
- खासगरी गरिब महिला, ग्रामीण महिला र किशोरी आमाहरूको निमित्त बच्चा जन्मनुअघि, जन्मेपछि र आपतकालीन प्रसूति सेवा लगायत पूर्ण मातृ स्वास्थ्य सेवामा पहुँच सुनिश्चितता गराउने कार्यक्रमहरूलाई प्राथमिकतामा राख्ने ।
- पर्याप्त खाना खान नदिइने र महिलाको प्रजनन स्वास्थ्य लगायत कल्याण र स्वास्थ्यलाई समेत संकटमा पार्ने छाउपडी प्रथाजस्तो बालिका र महिलाविरुद्धका भेदभावपूर्ण हानिकारक प्रचलनलाई सम्बोधन गर्ने ।
- पाठेघर खस्ने समस्या समाधान गर्न रोकथामको निमित्त परिवार नियोजन सेवाको पर्याप्त पहुँच, हाल कायम रहेकै सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत चेतना अभिवृद्धि र तालिम सञ्चालन र फिस्टुला र स्वास्थ्यका अन्य समस्या रोकथाम गर्न सकिने गरी गुणस्तरीय शल्यक्रिया र त्यसपछिका उपचार भ्रमणहरूको लागि पर्याप्त बजेट व्यवस्था सुनिश्चित गर्ने ।
- देशभरि गर्भपतन सेवाको पहुँचमा सुधार गर्ने ।
- ग्रामीण महिला, गरीब महिला र किशोर अवस्थाका बालिकाहरूलाई विशेष ध्यानमा राखी सबै थरी गर्भनिरोध साधनहरु, जानकारी र सेवा, आपतकालीन गर्भनिरोधको सेवा सबैलाई उपलब्ध गराउने कार्यलाई प्राथमिकतामा राखी गर्भनिरोधको पूरा नभएको मागलाई सम्बोधन गर्ने ।
- बीस वर्षलाई कानुनी रूपमा विवाहको न्यूनतम उमेर तोकिएकोले सोलाई कार्यान्वयन गर्ने र कम उमेरमा विवाह गर्दा महिलामा पर्ने नकारात्मक असर खासगरी उनीहरूको स्वास्थ्य र शिक्षाको अधिकारको उपभोगमा पर्ने नकारात्मक असरका बारेमा देशभर सचेतना अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गर्ने ।

*(महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि अन्तर्गतको नेपालको चौथो र पाँचौं संयुक्त आवधिक प्रतिवेदनमाथि दिएको निष्कर्ष सुझाव, २०११)*

## आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार समितिले दिएको निष्कर्ष सुझाव

- महिला, अपाङ्ग, असुविधाजनक, अल्पसंख्यक व्यक्ति र समूहहरूले प्राप्त गरिसकेको अधिकारलाई नयाँ संविधानले कुनै पनि हालतमा सीमित गर्न नपाउने,

- परापुर्वकालदेखि चलि आएको हानिकारक प्रथाहरूलाई हटाउन उपायहरु सञ्चालन गर्ने, यस्तो प्रथा चलि आएको जिल्ला र सामाजिक समूहभित्र वालविवाहको नकारात्मक असर र मानव अधिकार उल्लंघनसम्बन्धी जनचेतनामुलक अभियानहरु संचालन गर्ने,
- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ लागु गर्ने, र रूढीवादीगत परम्पराको मुद्दाहरु अनुसन्धान गर्ने र जिम्मेवार व्यक्तिलाई सजाय गर्ने,
- पीडितलाई सुरक्षा र पुनर्स्थापना प्रदान गर्ने,
- सबै प्रकारको हानिकारक प्रथाहरूलाई अपराधजन्य बनाउने विधेयकको तथा वालविवाह रोकथाम सम्बन्धी राष्ट्रिय रणनीतिको शीघ्र स्वीकृत गर्ने,
- गर्भपतनलाई कानुनी मान्यता प्रदान भएको जानकारीमूलक अभियानहरु संचलान गर्ने,

  सुरक्षित गर्भपतन सेवा लगायत यौन तथा प्रजनन् स्वास्थ्य सेवाको सर्वसुलभ पहुँच पुऱ्याउने,
- महिलाहरूको आङ खस्ने समस्या रोक्नको लागि जीवनचक्र भरि पर्याप्त यौन तथा प्रजनन् स्वास्थ्यको हेरविचार सुनिश्चित गर्ने र महिलाहरु गर्भवती भएपछि पर्याप्त आराम नपाउनुको कारण रहेको गरिबीलाई कम गर्ने उपायहरु अवलम्बन गर्ने ।
- रोकथाम गर्न सक्ने मातृ मृत्युदर दर र शिशुमृत्यु दर न्यूनिकरण गर्ने नीति र कार्यक्रमहरु अवलम्बन गर्दा संयुक्त राष्ट्र संघ उच्चायुक्तको कार्यालयबाट जारी गरिएको मानव अधिकारमा आधारित प्राविधिक निर्देशिकालाई समेत विचार पुऱ्याउने ।

*(आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध पत्र अन्तर्गतको नेपालको तेश्रो आवधिक प्रतिवेदनमाथि दिएको निष्कर्ष सुझाव, २०१४)*

### मानव अधिकार समितिले दिएको निष्कर्ष सुझाव

- यो समितिले नेपालमा रहेको पितृसत्तात्मक सोच र पुरातनवादी सोचले जीवनका हरेक तहमा महिला माथि हुने विभेद र विद्यमान गलत परम्पराहरु जस्तैः- बालविवाह, दाइजो प्रथा, छोराको महत्व, बोक्सीको आरोप र छाउपडी प्रथा रहेकोमा खेद प्रकट गरेको छ ।
- लैङ्गिक समानता र अविभेदको सिद्धान्तमा आधारित कानुन तथा नीतिको प्रभावकारी कार्यान्वयन गर्न, निर्णय निर्माण प्रक्रियामा महिलाको सहभागिता बढाउन, लैङ्गिक पूर्वाग्रही भूमिका हटाउन राज्य पक्षले आवश्यक कदम चाल्नु पर्दछ र प्रत्येक हानिकारक परम्परागत अभ्यासहरूलाई बन्देज गरी सो को प्रभावकारी कार्यान्वयनका लागि सबै आवश्यक तरिका अपनाउनु पर्दछ भनी सुझाव दिएको छ ।

*(राजनीतिक तथा नागरिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धपत्र अन्तर्गतको नेपालको दोश्रो आवधिक प्रतिवेदनमाथि दिएको निष्कर्ष सुझाव, २०१४)*

### विश्वव्यापी आवद्यिक समिक्षाअन्तर्गत दिएका निष्कर्ष सुझावहरु

- महिला र बालबालिकाको गुणस्तरीय स्वास्थ्यको पहुँचका लागि नीतिगत व्यवस्था लागु गर्नु पर्ने ।
- औसत आयु सम्भाव्यता बढाउन र शिशु, बच्चा र आमाको मृत्यु दर घटाउन थप प्रयास गर्नुपर्ने ।
- मातृ र शिशुको मृत्यु दर घटाउन गरि रहेको कार्य जारि राख्नुपर्ने ।

- सबै महिलालाई गुणस्तरीय यौन र प्रजनन् स्वास्थ्य हेरविचारको लागि उपाय लागु गर्न जारि राख्नु पर्ने ।
- शैक्षिक र स्वास्थ्यको अधिकारको लागि निरन्तर कार्यक्रमहरु गरि राख्ने ।
- बालविवाह र जबजस्ती विवाह निर्मुल गर्न र हानिकारक सांस्कृतिक प्रथाहरु अपराधीकरण गर्न विधेयक स्वीकार्ने ।
- बालविवाह अन्त्य गर्नका लागि राष्ट्रिय रणनीति कार्यान्वयन गर्ने र लैंगिक असमानता अन्त्यको लागि पहल गर्ने ।
- परिवारबीच चेतनामुलक अभियानद्वारा बालविवाह र जबजस्ती विवाह र बालबालिका बेच्बिखन रोक्न तथा बालबालिका विरूद्धको हिंसा न्यूनीकरण गर्ने उपायहरु बलियो बनाउने ।

*(नेपालको दोस्रो विश्वव्यापी आवधिक समीक्षाको लागि मानव अधिकार परिषद्मा प्रस्तुत गरेको प्रतिवेदनमाथि दिएको निष्कर्ष सुझाव, २०१५)*

### बालअधिकार सम्बन्धी समितिले दिएको निष्कर्ष सुझाव

- बालविवाह विरूद्ध राष्ट्रिय रणनीति, २०१६ लाई समितिले स्वागत गर्दछ ।
- पक्ष राष्ट्रले हानिकारक प्रथाहरु उन्मुलन गर्न गरेको पहललाई यस समितिले स्वागत गर्दछ । तर, विशेषत किशोरीहरूलाई असर पार्ने अभ्यासहरूजस्तै महिनावारीको समयमा किशोरी र महिलालाई जबर्जस्ती एकान्तमा राखिने अभ्यास (छाउपडी) लगायत विभिन्न हानिकारक प्रथा निरन्तर बिद्यमान रहेकोमा समिति गम्भिर सरोकार व्यक्त गर्दछ ।
- राज्य पक्षलाई बालिकाको शारीरिक, मानसिक स्वास्थ्यलाई असर पार्ने परम्परागत हानिकारक अभ्यासहरूलाई हटाउन सचेतना बढाउने कार्यक्रमहरु तथा त्यस्तो अभ्यासहरूलाई निषेध गर्ने कानून बनाउने तथा लागु गर्न आग्रह गर्दछ । उक्त सुझाव कार्यान्वयन गर्ने सम्बन्धमा राज्य पक्षले अपांगता भएको बालिका, ग्रामीणक्षेत्रका बालिका र दलित बालिकालाई प्राथमिकता दिन सुभाव दिन्छ ।
- समितिले संविधानमा भएको बालविवाह रोकथामको व्यवस्था, बालविवाह अन्त्यको लागि तत्काल स्वीकृति भएको रणनीति र बालविवाह अन्त्य गर्नका लागि पक्ष राष्ट्रको नेतृत्वमा दक्षिण एशियामा क्षेत्रिय योजना २०१५-२०१८ स्वागत गर्दछ । पक्ष राष्ट्रले विवाहको लागि न्युनतम उमेर सिमा किशोर र किशोरीको २० वर्ष राखेता पनि, किशोरीहरूको बालविवाह अझै भइरहेको सरोकार व्यक्त गर्दछ र विवाहको लागि न्युनतम उमेरसिमा पक्ष राष्ट्रलाई लागु गर्न आग्रह गर्दछ ।
- बालक र बालिकाको सर्वोत्तम हित अनुसार बालविवाह बदर गर्नका लागि अपराध संहिता र देवानी संहिताको मस्यौदामा बालविवाह सम्बन्धि विरोधाभाष कानुनहरूको समिक्षा गर्ने ।
- सपना प्रधान मल्लसमेत विरूद्ध नेपाल सरकार, २०६२ को मुद्दामा सर्वोच्च अदालतको आदेश बमोजिम बालविवाहबाट किशोरी माथि हुने शारीरिक तथा मानसिक असरका बारेमा चेतनामुलक कार्यक्रम गर्ने ।
- बालविवाह बदर गर्न चाहने बालबालिका, खास गरि जसले उजुरी दिएको छ, त्यस्तो बालबालिकालाई सुरक्षा र सहायता स्थापित गर्ने ।

- २०७२ को भूकम्पको असरले बालिकालाई बालविवाहका लागि जोखिममा पारेको सम्बन्धमा समीक्षा गर्ने र बालविवाहको बढ्दो खतरालाई सम्बोधन गर्ने उपायहरु कार्यान्वयन गर्न समीक्षाबाट आएका निस्कर्षहरूलाई प्रयोग गर्ने,
- समिति पक्ष राष्ट्रभरिका किशोर किशोरीमैत्री सेवा, जसमा गोप्य परामर्श र प्रजनन् स्वास्थ्य सम्बन्धी सेवा प्रदान गर्दछ, लाई स्वागत गर्दछ तर, समिति कम उमेरमा गर्भधारणको उच्च दर, गर्भ निरोधको कम प्रयोग दर र यौन संक्रमित रोग र एचआईभी जोखिम र सुरक्षित् गर्भपतनको सम्बन्धमा रहेको न्यून जानकारी प्रति सरोकार व्यक्त गर्दछ,
- किशोर किशोरीको स्वास्थ्य र विकास को सन्दर्भमा समिति राज्य पक्षलाई किशोर किशोरीको लागि बिस्तृत यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी नीति जारि गर्न र किशोर किशोरीलाई लक्षित गर्दै कम उमेरमा गर्भधारण र यौन संक्रमित रोगबाट बचावटलाई विशेष ध्यान दिदै अनिवार्य शैक्षिक पाठ्यक्रम भित्रको भागको रूपमा अर्थपूर्ण यान र प्रजनन स्वास्थ्य सिक्षा सुनिश्चित गर्ने ।

*(बाल अधिकार महासन्धि अन्तर्गतको नेपालको तेश्रोदेखि पाँचौं आवधिक प्रतिवेदनमाथि दिएको निष्कर्ष सुझाव, २०१६)*

## प्रजनन् अधिकारसँग सम्बन्धित महत्वपूर्ण अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी दस्तावेजहरु

**१. मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र – १९४८**

**२. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६**

**३. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६**

**४. महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९**

**५. यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि, १९८४**

**६. बालबालिकासम्बन्धी महासन्धि, १९८९**

**७. अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धि, २००६**

**८. संयुक्त राष्ट्रसंघीय जनसंख्या तथा विकास सम्मेलन, १९९४**

**९. विश्व महिला सम्मेलन र कार्ययोजना पत्रहरू**

**१०. विकासको सहस्राब्दी लक्ष्यहरू**

**११. महासन्धि समितिहरुका सिफारिस तथा निष्कर्ष सुझावहरू**

# नेपालको संविधानमा प्रजनन् स्वास्थ्य अधिकार

**मौलिक हक**

### सम्मानपूर्वक बाँच्न पाउने हक

- प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ । *(धारा १६(१))*

### समानताको हक

- सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन । *(धारा १८(२))*

### छुवाछूत तथा भेदभाव विरुद्धको हक

- कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन । *(धारा २४(१))*
- यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । *(धारा २४(५))*

### गोपनीयताको हक

- कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानून बमोजिम बाहेक अनतिक्रम्य हुनेछ । *(धारा २८)*

### शोषण विरुद्धको हक

- प्रत्येक व्यक्तिलाई शोषण विरूद्धको हक हुनेछ । *(धारा २९(१)*
- धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन । *(धारा २९(२)*

### स्वास्थ्य सम्बन्धी हक

- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन । *(धारा ३५(१)*
- प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ । *(धारा ३५(२)*
- प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ । *(धारा ३५(३)*

### महिलाको हक

- प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक हुनेछ । *(धारा ३८(२))*

- महिला विरूद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । *(धारा ३८(३))*
- महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ । *(धारा ३८(५))*

### बालबालिकाको हक

- कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन । *(धारा ३९(५))*

### उपभोक्ताको हक

- प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ । *(धारा ४४(१))*
- गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । *(धारा ४४(२))*

## राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व

### निर्देशक सिद्धान्तहरु

- धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने एवं राष्ट्रिय गौरव, लोकतन्त्र, जनपक्षीयता, श्रमको सम्मान, उद्यमशीलता, अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित सामाजिक सांस्कृतिक मूल्यहरूको विकास गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सद्भाव, ऐक्यबद्धता र सामञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने राज्यको सामाजिक र सांस्कृतिक उद्देश्य हुनेछ । *(धारा ५०(२))*

### सामाजिक र सांस्कृतिक रुपान्तरण सम्बन्धी नीति

- समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त गर्ने । *(धारा ५१(ग)(५))*

### नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति

- नागरिकलाई स्वस्थ बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिवृद्धि गर्दै जाने । *(धारा ५१(ज)(५))*
- गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने । *(धारा ५१(ज)(६))*
- स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिंदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको संख्या वृद्धि गर्दै जाने । *(धारा ५१(ज)(९))*
- नेपालको क्षमता र आवश्यकताका आधारमा जनसंख्या व्यवस्थापनका लागि परिवार नियोजनलाई प्रोत्साहित गर्दै मातृ शिशु मृत्युदर घटाई औसत आयु बढाउने । *(धारा ५१(ज)(१०))*

### सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति

- प्रजनन् अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने । *(धारा ५१(ञ)(३))*
- बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्यांकन गर्ने । *(धारा ५१(ञ)(४))*

# प्रजनन् स्वास्थ्य सम्बन्धी मौलिक हकको प्रभावकारिताका लागि गर्नुपर्ने कार्यहरू

संविधानले मान्यता प्रदान गरेको मौलिक हकहरू कानूनी अधिकारहरूमध्ये सबैभन्दा माथिल्लो अधिकारहरू हुन् र यस्ता अधिकारको उल्लंघन भएको अवस्थामा संवैधानिक उपचार उपलब्ध हुन्छ । प्रजनन् स्वास्थ्य सम्बन्धी मौलिक अधिकारको प्रभावकारी कार्यान्वयनको लागि निम्न कार्यहरू गर्नु पर्दछ :

- प्रजनन् स्वास्थ्य अधिकारसम्बन्धी विभिन्न सेवाहरूलाई एकिकृत गर्ने छुट्टै कानुनको आवश्यकता रहेको हुँदा प्रजनन् स्वास्थ्य सम्बन्धी ऐन बनाउनु पर्ने,
- संविधानको धारा ४७ अनुसार प्रजनन् स्वास्थ्य सम्बन्धी मौलिक हक कार्यान्वयन गर्ने ऐन ३ वर्षभित्रमा बनाई लागू गर्नुपर्ने भएकोले २०७५ असोज ३ भित्र प्रजनन् स्वास्थ्य सम्बन्धी ऐन बनाउनु पर्ने,
- प्रजनन् स्वास्थ्य अधिकार विरूद्धको विद्यमान कानुनी व्यवस्था तथा भविष्यमा निर्माण हुने त्यस्ता कानुनहरूको स्थापित मापदण्ड र सिद्धान्तमा आधारित वैधताको परिक्षण गर्नुपर्ने,
- समग्रमा महिलाको प्रजनन् स्वास्थ्य अधिकार निर्वाध रूपमा उपभोग गर्न पाउने सुनिश्चितता गर्नुपर्ने
- सबै महिलाले मैलिक हकको उपभोग गर्न सक्ने वातावरण बनाउनका लागि आवश्यक स्रोत विनियोजन गर्नुपर्ने,
- स्थानीय तहसम्म प्रजनन् स्वास्थ्य सेवा पहुँचयोग्य तथा उपलब्धताको व्यवस्था गराउनु पर्ने,
- प्रजनन् स्वास्थ्य सेवालाई सर्वसुलभ तथा प्रभावकारी बनाउन र प्रजनन् स्वास्थ्य सेवा लिन पाउने अधिकारलाई सुनिश्चित गर्न प्रजनन् स्वास्थ्य सेवा कोष स्थापना गर्नुपर्ने ।

**प्रजनन् स्वास्थ्य सम्बन्धी ऐनले समेट्नु पर्ने विषयवस्तुहरू**

- प्रजनन् स्वास्थ्य अधिकारलाई (परिवार नियोजन, सुरक्षित गर्भपतन, सुरक्षित मातृत्व, किशोर-किशोरी स्वास्थ्य, प्रजनन् स्वास्थ्य रूग्णताको उपचार) आत्मनिर्णयको अधिकार को रूपमा स्थापित गर्ने व्यवस्था,
- प्रजनन् स्वास्थ्य सम्बन्धी सूचना र सेवामा महिलाको पहुँचको सुनिश्चितता,
- सरकारी स्वास्थ्य संस्थाहरूमा सबै प्रकारका प्रजनन् स्वास्थ्य सेवाहरू निःशुल्क हुने व्यवस्था,
- किशोर किशोरीलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि शिक्षा, सूचना तथा परामर्शको व्यवस्था,

- विवाहपूर्व र पश्चात्को सुरक्षित मातृत्व सम्बन्धी परामर्शको व्यवस्था,
- गर्भनिरोध साधनको सम्बन्धमा सुसूचित हुन र सो को प्रयोगको बारेमा जानकारीहरूको व्यवस्था,
- महिलाको सुरक्षित गर्भपतनको अधिकारको सुनिश्चिता,
- प्रत्येक महिलालाई गर्भवती, सुत्केरी र प्रजनन् स्वास्थ्य रूग्णताको अवस्थामा विशेष ध्यान दिई पोषणयुक्त र सन्तुलित आहार पाउने व्यवस्था,
- प्रजनन् स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन र सेवाग्राही महिलाको गोपनियताको हक संरक्षण गर्ने व्यवस्था,
- महिलालाई आधारभूत तथा आकस्मिक प्रसूति सेवा तथा नवजात शिशुको लागि अत्यावश्यकीय र आकस्मिक सेवाको व्यवस्था,
- कानून विपरितको कार्य गरेमा दण्ड सजायको व्यवस्थाको सुनिश्चितता,
- प्रभावकारी समन्वय, अनुगमन तथा निर्देशन जस्ता कार्यहरु सहज बनाउने व्यवस्था ।

“ प्रजनन् स्वास्थ्य अधिकार नेपालको संविधानद्वारा स्थापित मौलिक हक हुनुका साथै सर्वोच्च अदालतको फैसलाहरुद्वारा विकसित मान्यता र विधिशास्त्रको भाग हो । ”

**महिला, कानुन र विकास मञ्च (FWLD)**
७२, आदर्श मार्ग, थापाथली
पो.ब.नं. २६५३८, काठमाडौं, नेपाल
फोन नं. ४२६६४१५, ४२४२६८३
फ्याक्स : ४२४०६२७
इमेल : fwld@fwld.wlink.com.np
Website : www.fwld.org

**सेन्टर फर रिप्रोडक्टिभ राइट्स (CRR)**
कालिका टावर, बालुवाटार
काठमाडौं, नेपाल
फोन नं. ४४११३२५/४४१०९३९
इमेल : nepaloffice@reprorights.org
Website : www.reproductiverights.org